अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/३१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	ठाकुरप्रसाद गुरौ, ध्रुवराज मरासिनी र बिन्देश्वर यादव, कृष्णप्रसाद पोखेल, पार्वता अधिकारी पौडेल, तिलादेवी पौडेल, डिलमाया पुन, ऋषिराम विश्वकर्मा, कमला पन्थी, मिना कार्की, सिता घिमिरे, दयानिधि न्यौपाने, खिमा खनाल र पार्वती घिमिरे (मुद्दा नं.०७९-CR-००६६) **फैसला मिति** २०८०।११।१७	सरकारी/सार्वजनिक कुलोको जग्गा व्यक्तिको जग्गामा घुसाई सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको।	**आयोगको माग दावी** क) राष्ट्रसेवक कर्मचारी ठाकुरप्रसाद गुरौ, ध्रुवराज मरासिनी र बिन्देश्वर यादवको हकमाः- यी प्रतिवादीहरुले उक्त जग्गाको नियम विपरीत कित्ता एकीकरण र गलत फाइल नक्सा तयार गर्ने कार्यमा संलग्न भई आफ्नो सार्वजनिक पद र ओहदाको दुरूपयोग गरी आफू र अन्य व्यक्तिलाई फाइदा र नेपाल सरकारलाई हानि नोक्सानी हुने गरी सार्वजनिक कुलोको जग्गा व्यक्तिको नाममा घुसाई फायल नक्सा बनाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको पुष्टि हुन आएकोले उक्त सार्वजनिक कुलोको जग्गाको जम्मा क्षेत्रफल ४९४.७३ वर्गमिटर (०-१-९-० ज.बि.) को मूल्याङ्कन अनुसारको मूल्य जम्मा रू.१०,६५,२०५.५।-(दशलाख पैसट्ठी हजार दुईसय पाँच रुपैंया पचास पैसा) बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३(१) को देहाय (च) बमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम जरिबाना गरी उक्त सार्वजनिक कुलोको जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को ४७ बमोजिम जफत हुन, ख) तत्कालिन जग्गाधनी कृष्णप्रसाद पोखेलका हकमाः- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियार भई सोही ऐनको दफा २२ को कसूर गरेको पुष्टि हुन आएकोले निजलाई सोही दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदारलाई हुने सरहको सजाय हुन, ग) हाल कायम जग्गाधनीहरू पार्वता अधिकारी पौडेल, तिलादेवी पौडेल, डिलमाया पुन, ऋषिराम विश्वकर्मा, कमला पन्थी, मिना कार्की, सिता घिमिरे, दयानिधि न्यौपाने, खिमा खनाल र पार्वती घिमिरेको हकमाः- निजहरूको भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूरमा संलग्नता नभएतापनि सो सार्वजनिक कुलोको जग्गा हाल निजहरुको नाममा दर्ता रहे, भएकोले उक्त सार्वजनिक कुलोको जग्गा भ्रष्टाचार निवारण ऐन,	• यी प्रतिवादीहरुले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कारी रही बयान गरेको देखिन्छ, • तत्कालनि जग्गा धनी प्रतिवादी कृष्ण प्रसाद पोखरेलको साविकका कित्ताहरुको क्षेत्रफल र कित्ता एकिकरणपछि कायम भएको क्षेत्रफल घटबढ नभएको मिसिल संलग्न दर्ता श्रेष्ता र राजिनामाको लिखतबाट देखिएको र प्रतिवादीहरुको पुष्टि नभएकोले प्रतिवादीहरूले आरोप दावी बाट सफाइ पाउने ठहर्छ ।	• प्रस्तुत मुद्दामा अनुसनधानको क्रममा रुपन्देही जिल्ला साविक दुधराक्ष गा.वि.स. वडा नं. ७क को मुल कित्ता नं. १८५, १८६, र ६४८ का जग्गाहरु नक्सा अनुसार कित्ता एकिकरण भई कित्ता नं. ८५४ कायम गरिएको र सोही गा.वि.स. वडा नं. २ को कित्ता नं. ६५२ को साविक मुल कित्ता नम्वर ४०७ बाट आएको देखिन्छ । तत्कालिन जग्गाधनीको निवेदन माग बमोजिम उक्त कि नं. ८५४ र कि नं. ६५२ को फाईल नक्सा तयार तथा प्रमाणित मिति २०६९।१०।०२ मा भएको देखिन्छ । मुल नक्सा अनुसार वार्ड नं. २क कित्ता नं. ६५२ को दक्षिणतर्फ र वार्ड नं. ७क कित्ता नं. ८५४ को उत्तर तर्फ समेत नक्सा अंकित कुलो देखिन्छ । सम्बन्धित फाईल नक्सालाई मुल कित्ता नम्वर सँग छुट्टाछुट्टै भिडाउदा देखिन आएको अवस्थालाई ट्रेस नक्सामा जनाई दुई फरक रंगको मसी प्रयोग गरी देखाईएको साविक नक्साको ब्लु प्रिन्ट, ट्रेश नक्सा समेत संलग्न राखी नापी कार्यालय वुटवल रुपन्देहीको च.नं. ६१, मिति २०७६।०४।१६ को पत्र प्राप्त देखिएको, उक्त कि. नं ८५४ र कित्ता नं. ६५२ का जग्गा कित्ताकाट भई हाल कायम भएका कि. नं ११४६, ११७१, १२११, ११८२, ११४९ र ११४८ को पुर्व तर्फको र कि. नं. २१९५, २४५६, २३५९, २१११, २३७२ र २३९८ को दक्षिण तर्फको सार्वजनिक कुलोको जम्मा ४९४.७३ वर्गमिटर (०-१-९-० ज.बि.) जग्गा उक्त हाल कायम भएको कि. नं. का व्यक्ति विशेषको जग्गामा घुसाई फायल नक्सा तयार गरेको देखिएको भनि नापी कार्यालय बुटवलको च.नं. ७३२, मिति २०७७।१२।१३ को पत्रबाट खुल्न आएको, पत्रसाथ प्राप्त मिसिल संलग्न उक्त कि. नं का जग्गाहरुको साविकको नक्सा, हालको फायल नक्सा प्लट रजिष्टर समेतका आधार प्रमाणबाट आरोप दावीमा उल्लेखित उक्त कि. नं ८५४ र कित्ता नं. ६५२ का जग्गाको फायल नक्सा बनाउने क्रममा सार्वजनिक कुलोको जग्गा घुसाई फायल नक्सा बनाई सरकारी सार्वजनिक कुलोको जग्गा व्यक्तिको नाममा कायम गरी सरकारी सम्पत्तिको हानी नोक्सानी गरेको निर्विवाद रुपमा पुष्टि भएको छ । व्यक्तिको जग्गाको साविक र हालको क्षेत्रफल फरक नदेखिएको भन्ने आधारमा सार्वजनिक जग्गा व्यक्तीको नाममा घुसाई सार्वजनिक सम्पत्तीको हानी नोक्सानी गर्न गराउन पाउने होईन। उक्त सार्वजनिक जग्गा व्यक्तीको नाममा घुसाई सार्वजनिक सम्पत्तीको हानी नोक्सानी गरेको आरोपित कसूरमा नापी कार्यालय रुपन्देहीका तत्कालिन सर्भेक्षक ठाकुर प्रसाद गुरौ, नक्सा रुजु गर्ने नापी अधिकृत ध्रुवराज मरासिनी र नापी अधिकृत विन्देश्वर यादव तथा तत्कालिन जग्गाधनी कृष्ण प्रसाद पोखेलको संलग्नता रहेको निर्विवाद रुपमा पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । • उक्त जग्गामा सार्वजनिक कुलो छ भन्ने जानकारी थिएन । जानेर उक्त जग्गा हामिले किनेका होइनौ । हामिलाई जग्गा धनी कृष्ण प्रसाद पोखरेलले झुक्काइ सार्वजनिक कुलो पारी जग्गा धेरै देखाई उक्त जग्गा बिक्री गरेका हुन। निज जग्गा धनीवाट हाम्रो अहिले चलेको चलनचल्तीको मुल्य हामिलाई दिलाइपाउँ । दोषिलाइ कडा भन्दा कडा सजाय होस भनि प्रस्तुत मुद्दाको अनुसन्धान तथा अदालतमा हालका जग्गाधनीहरु प्रतिवादी सिता घिमिरे समेतले वयान गरेको देखिएको, जग्गाको फायल नक्सा बनाउने सम्पुर्ण कार्य नापी कार्यालयको हो । सो कार्यमा अमिन, सर्भेक्षक फिल्डमा गई हेरी कार्यालयमा आई फाईल नक्सा बनाई नापी अधिकृतबाट सहिछाप भई कित्ताकाट भए पश्चातमात्र मालपोत कार्यालयमा प्राप्त हुने हो । समानस्तरको अधिकार प्राप्त

			२०५९ को ४७ बमोजिम जफत प्रयोजनको लागी मात्र प्रतिवादी कायम गरि विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको । **अदालतको फैसला** • यी प्रतिवादिहरुले आरोपदावीको कसूरबाट सफाई पाउने ठहर गरी बिशेष अदालतबाट फैसला भएको देखिन्छ ।		जिम्मेवार निकाय नापी कार्यालयबाट भएको कार्यमा मालपोत कार्यालयले सोही विषयमा आधार बनाई कार्यान्वयन गर्ने हो भनी मालपोत कार्यालय रुपन्देहीका कर्मचारी खिमानन्द आचार्य र घनश्याम बस्यालले अनुसन्धानको क्रममा कागज गरेको तथा सोही बेहोराको वकपत्र गरेको समेतबाट आरोप दावी बमोजिमको सार्वजनिक कुलोको जग्गा समेत ब्यक्तीको नाममा रहेको जग्गामा घुसाई फायल नक्सा तयार गरी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी भएको पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । • मालपोत ऐन, २०३४ को दफा ८क(२) मा "जग्गाको वास्तविक स्थिति र नापी नक्सामा एकरुपता नभएको देखिएमा मालपोत कार्यालयले नापी नक्सामा सुधार गर्न नापी विभागमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएपछी नापी विभागले नापी नक्सामा आवश्यक सधुार गर्नु गराउनु पर्नेछ ।" भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ । दुई वडाको सीमानामा रहेको कुलोको वास्तविक स्थिति र नापी नक्सामा एकरुपता नभई साविकको नक्सामा नै त्रुटी भएको भनी प्रतिवादीहरुले वयान गरेको देखिएको र यदी साविकको नक्सामा त्रुटी भएको देखिएको अवस्थामा समेत उक्त कानूनी ब्यवस्था बमोजिम नै नक्सा संसोधन गराउनु पर्नेमा सो कानूनी ब्यवस्था विपरित उक्त नक्सा संसोधनको लागी नापी विभागमा स्वीकृतिका लागि नपठाई गैरकानूनी तरिकाले आफ्नो पद र ओहदाको दुरुपयोग गरी सार्वजनिक कुलोको जग्गा ब्यक्तीको जग्गामा घुसाई गलत फाईल नक्सा तयार गरी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा निजहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण छ । • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न उक्त जग्गाको सविकको सर्भे नक्सा, हालको नक्सा, दर्ता श्रेष्ताको प्रतिलिपीहरु, सार्वजनिक कुलोको जग्गा घुसाईएको क्षेत्रफल सहितको जग्गाको कित्ताको विवरण सहितको नापी कार्यालयको पत्र समेतका कागज प्रमाणहरुबाट व्यक्ति विशेषको उक्त कित्ता नं. ८५४ र कित्ता नं. ६५२ जग्गामा जम्मा ४९४.७३ वर्गमिटर (०-१-९-० ज.बि.) सार्वजनिक कुलोको जग्गा घुसाई फायल नक्सा बनाई सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्ने ।